# धार्चे गाउँपालिका

# स्थानिय राजपत्र

खण्डः ७ संख्याः १२

मितिः २०८१।०९।६

## भाग-२

## धार्चे गाउँपालिका

## कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०८१

**प्रस्तावना :** धार्चे गाउँपालिका कृषि क्षेत्रमा प्रशस्त सम्भावना बोकेको पालिका हुनाले यस क्षेत्रको व्यवसयीकरण गरि प्रमुख कृषिजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्दी गरि अन्तरिक मागको पूर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रबर्धन गर्न र सरकारी अनुदानमा वास्तविक कृषकहरुको पहुँचलाई सुनिस्चित गर्नुपर्ने भएकाले धार्चे गाउँपालिकाले यो कार्यविधि बनाएको छ

### परिच्छेद १
### प्रारम्भिक

**१. सन्क्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम " कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि - २०८१" रहेको छ ।

२) यो कार्यविधि धार्चे गाउँपालिका, गाउँपालिकाको कार्यालयले पारित गरेको मिति देखि लागु हुनेछ ।

३) यो कार्यविधि धार्चे गाउँपालिका भर लागु हुनेछ।

### परिच्छेद २
### परिभाषा

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले धार्चे गाउँपालिकलाई सम्झनु पर्दछ ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धार्चे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३) "शाखा प्रमुख" भन्नाले धार्चे गाउँपालिका , गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

४) "गाउँ कार्यपालिका" भन्नाले धार्चे गाउँपालिका , गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

५) "कार्यक्रम" भन्नाले कृषि उत्पादनमा आधारित अनुदान सम्झनु पर्दछ ।

६) "समिति" भन्नाले यस कार्यविधिको दफा बमोजिम गठित छनौट समितिलाई सम्झनु पर्दछ ।

७) "अनुदानग्राही" भन्नाले धार्चे गाउँपालिकामा कृषि पेशामा संलग्न कृषकलाई सम्झनु पर्दछ ।

### परिच्छेद ३
### उद्धेश्यहरु

**३. उद्देश्यहरु :**

१) कृषि उपज सामग्रीको उत्पादन र उत्पादकत्वमा टेवा पुर्याउने ।

२) कृषकलाई कृषि क्षेत्रमा प्रोत्साहन गरी कृषि जन्य उत्पादनमा आत्मनिर्भर बनाउने ।

### परिछेद-४
### कार्यक्रम संचालन प्रक्रिया

**४. कार्यक्रम संचालनः** यस कार्यक्रमलाई धार्चे गाउँपालिका , कृषि विकास शाखाबाट संचालन गरिनेछ

**५. आबेदन आव्हान :**

१) अनुदान कार्यक्रम संचालन गर्नका लागि अनुसूची (१) अनुरुप गाउँपालिकाले प्रथम पटक कम्तिमा ३० दिनको सार्वजनिक सूचना प्रकाशित गरि आबेदन माग गर्न सक्नेछ र त्यस पछि माग अनुरुप सम्बन्धित कृषक/ कृषक समूह/ कृषि सहकारीले आ.ब.२०८१/८२ को चैत मसान्त सम्म निबेदन दिन पाउनेछन ।

**६. आबेदन संकलन :**

१) दफा ६ को उपदफा (१) बमोजिम सूचना प्रकासित भएपछि कृषक / कृषक समूह/ कृषि सहकारीले वडा कार्यालयमा तल तोकिए अनुसारको कागजातसहित अनुसूची २ अनुसार निबेदन र अनुसूची ३ अनुसारको कृषक विवरण दिनु पर्नेछ

क) व्यक्तिगत निबेदन र कृषि गरेको विवरण (अनुसूची २ र अनुसूची ३)

ख) वडा कार्यालयको दोहोरो सुबिधा नलिएको सिफारिस (अनुसूची ४ )

ग) वडा स्तरिय कृषि प्राबिधिक तथा जनप्रतिनिधिको कार्य सम्पन्न प्रतिबेदन (अनुसूची ५)

घ) अनुदान कार्यक्रम संचालन गर्ने स्थान व उत्पादित कृषि सामग्रीको फोटो ३ प्रति

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान मागको निर्णयको प्रतिलिपि

च) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि

२) धार्चे गाउँपालिकामा बसोबास गर्ने व्यक्ति , कृषि तथा पशुपन्छी फर्म, माछा फर्म, कृषक समूह, कृषि सहकारी , दुग्ध सहकारी लगायत कृषि , पशु तथा मत्स्यपालक कृषकले तोकिएको समयमा आवेदन दिन सक्नेछन ।

३) दफा ६ को उप दफा १ बमोजिम आएका आवेदनहरु गाउँपालिका कृषि विकास शाखामा दर्ता गराउन पर्दछ ।

## परिच्छेद ५
## छनौट प्रक्रिया

**७. छनौट प्रक्रिया :**

१) रित पुर्वक पेश हुन आएका आवेदकहरुलाई सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ ।

२) **छनौट समितिः** छनौट समिति देहाय बमोजिमको हुनेछ :

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) प्रशासन शाखा प्रमुख - सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

घ) सम्बन्धित वडा प्राबिधिक (कृषि) - सदस्य

ङ) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

च) प्राविधिक शाखा - सदस्य

३) छनौट भएका आवेदनहरू स्वीकृतिका लागि गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत समक्ष कृषि विकास शाखाले पेश गर्नुपर्नेछ ।

४) स्वीकृत भएका कार्यक्रमहरु सम्झौता गरि भुक्तानीको लेखा शाखामा पेश गरिनेछ ।

**८. छनौटका आधारहरु :**

१) छनौटका आधारहरु दर्तावाल फर्म/ सहकारी/ कृषक समुह/ कृषकको लागि अनुसूची ६ बमोजिम हुनेछ ।

२) कार्यक्रम छनौट भई अनुदान प्राप्त गर्न अनुसुचि ६ बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछ ।

## परिच्छेद ६
## कार्यक्रम संचालन

**९. जानकारी दिन पर्नेः**

१) छनौट समितिबाट स्वीकृत भएका कार्यक्रमको सम्बन्धमा सम्बन्धित पक्षलाई जानकारी दिन पर्नेछ र यसको जानकारी वडा कार्यालयलाई पनि गराउन पर्नेछ ।

२) उपदफा १ अनुसार जानकारी दिदा सात दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत उल्लेख गर्नुपर्नेछ ।

**१०. सम्झौता गर्नु पर्ने :** यो कार्यविधि अनुसार गाउँपालिकाले कार्यक्रम संचालनका लागि सम्झौता गर्दा देहाए को सर्तहरु समेत पालना गर्ने गरि तोकिएको समयाबधि भित्र तोकिएको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

१) कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न अनुसूची ६ मा भएको मापदण्ड अनुसार सम्बन्धित कृषकको कृषि उपजको उत्पादन पश्चात कृषि प्राविधिकको अनुगमन प्रतिबेदनको आधारमा भुक्तानी गरिनेछ

२) कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न सम्बन्धित कृषकको कृषि उपजको उत्पादनको फोटो संकलन गर्नुपर्दछ (सम्बन्धित वडा प्राबिधिक सहितको)

३) खेति योग्य भूमिको जगेर्ना र अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने सुनिस्चित गर्नुपर्नेछ

४) कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिएको जमिनमा कम्तिमा ५ बर्ष कृषि उत्पादन र उत्पादकत्व बृद्दि गर्न शर्त मन्जुर गरिएको हुनुपर्नेछ

## परिच्छेद ७
## भुक्तानी प्रक्रिया

**११. अनुदान रकम र भुक्तानी प्रक्रियाः**

१) अनुदान रकम अनुसूची ६ मा रहेको मापदण्ड अनुसार हुनेछ । अनुदान बाहेकको थप श्रोत आवेदक आफैले ब्यबस्थापन गरि कार्यक्रम संचालन गर्नुपर्नेछ ।

२) उपदफा १ बमोजिम अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) वडा कार्यालयको दोहोरो सुबिधा नलिएको सिफारिस (अनुसूची ४ )

ख) कृषि प्राबिधिक कार्य सम्पन्न प्रतिबेदन (अनुसूची ५)

ग) व्यक्तिगत निबेदन र कृषि गरेको विवरण (अनुसूची २ र अनुसूची ३)

घ) अनुदान कार्यक्रम संचालन गर्ने स्थान व उत्पादित कृषि सामग्रीको फोटो ३ प्रति

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान मागको निर्णयको प्रतिलिपि

च) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि

छ)अनुदान रकम ६० हजार भन्दा बढी आएमा ५०% ले अनुदान रकम घटाइने छ ।

**१२. अनुगमनः**

१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा कृषि विकास शाखाले अनुगमन तथा मुल्यांकन गर्नेछ ।

**१३. भुक्तानी दिन बाध्य नहुने** :

१) सम्झौतामा भए बमोजिम कार्य नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

२) सम्झौता गरेको आर्थिक बर्ष भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

## परिच्छेद-८
## बिबिध

**१४. बाधा अड्काउ फुकाउ** : यस कार्यविधि कार्यन्वयनको सम्बन्धमा कुनै दुबिधा भएमा छनौट समितिले वाधा अड्काउ फुकाउन सक्नेछ ।

**१५. प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१६. संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

अनुसुची १

कृषि विकास शाखा , धार्चेको कृषि कार्यक्रममा सहभागी हुन प्रस्ताव आब्हानको

सूचना सूचना सूचना

यस गाउँपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत निसर्त तर्फको कार्याक्रम अनुसार कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रममा अनुदान रकम उपलब्द गराउन कार्यक्रम रहेको हुदाँ गाउँपालिका भित्रका कृषक, निजि फर्म, कृषक समुह तथा कृषि सहकारीहरुले तपशिल वमोजिमका कृषि खेति बाट उत्पादित कृषिजन्य उत्पादनम आधारित प्रोत्साहन रकम लिनाको लागी निवेदन आव्हान गर्न यो सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र धार्चे गाउँपालिका कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा तपशिल अनुसारको कागजात संलग्न गरि आवेदन पेशा गर्न हुन अनुरोध छ । साथै रित नपुगेको र म्याद नाघि प्राप्त हुन आएको प्रस्तावहरु छनोटका लागी समाबेश हुन नसक्ने व्याहोरा समेत जानकारी गराईन्छ।

निबेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

- व्यक्तिगत निवेदन र कृषि गरेको विवरण

- वडा कार्यालयको दोहोरो सुविधा नलिएको सिफारिस
- अनुदान कार्यक्रम संचालन गर्ने स्थान वा उत्पादित कृषि सामग्रीको फोटो ३ प्रति
- आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र
- वडा कार्यालयको सिफारिस
- जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको खण्डमा जग्गा धनिसंग गरेको सम्झौताको प्रतिलिपि
- समूह र सहकारीको हकमा कार्यसमिति बैठकले कार्याक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि

## अनुसूची — २

श्री कृषि शाखा प्रमुख ज्यु,

धार्चे गाउँपालिका , माछिखोला गोरखा

विषय : स्थलगत अनुगमन गारी कृषि उत्पादनमा आधारित अनुदान पाउँ भन्ने बारे ।

धार्चे गाउँपालिका मिति २०८१/ / मा प्रकाशित सूचना अनुसार यस / म .......................................... ले गाउँपालिकाको सहयोगमा कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनमा लागि सूचनामा तोकीए बमोजिमका कागजात संलग्न राखी यो दरखास्त पेश गरेको छु । कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि — २०८१ र अन्य प्रचलित कानुन बमोजिमकासर्तहरु पालन गर्न मन्जुर छु/छौ ।

**निवेदक**

---------------------------

## अनुसूची — ३

उत्पादक कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागी हुने कृषकलाई विवरण

१. कृषकको नाम :

२. ठेगाना :

३. खेति गरिएको क्षेत्रफल / लगाएको फलफुल संख्या / लगाएको तरकारीको क्षेत्रफल :

४. लगाएको फलफुलका किसिम / तरकारीका किसिम :

५. गत वर्षको उत्पादन परिमाण

| हुर्काएका फलफुलका संख्या | उत्पादन गरिएको ताजा तरकारीको परिमाण के.जी | बजारीकरण गरिएको ताजा तरकारीको परिमाण के.जी | तरकारीको विउ उत्पादन परिमाण के.जी | तरकारीको विउ परिक्षण गरिएको पटक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

६. यस वर्षको हालसम्मको उत्पादन परिमाण :

| हुर्काएका फलफुलका संख्या | उत्पादन गरिएको ताजा तरकारीको परिमाण के.जी | बजारीकरण गरिएको ताजा तरकारीको परिमाण के.जी | तरकारीको विउ उत्पादन परिमाण के.जी | तरकारीको विउ परिक्षण गरिएको पटक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

७. गत वर्षको अधिकत्तम उत्पादन महिना र परिमाण :

८. गत वर्षको न्युनतम उत्पादन महिना र परिमाण :

९. विक्री / उत्पादन अभिलेखको अवस्था : भएको / नभएको

१०. बजारसंग खरिद बिक्रि सम्झौताको अवस्था : भएको / नभएको

अनुसूची — ४

सम्बन्धित वडाको सिफारिस पत्र

श्री कृषि विकास शाखा प्रमुख ज्यु
धार्चे गा.पा , माछिखोला , गोरखा

विषय : सिफारिस गरिएको बारे ।

तहा शाखाको मिति २०८१/ / मा प्रकाशीत सूचना अनुसार .............................................. कृषक / समूह / सहकारीले धार्चे गा.पा. वडा . नं. .............. को .................... रोपनी क्षेत्रफल / संख्या ............... भएको जग्गामा कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको

नाम :

पद :

दस्तखर :

मिति :

**अनुसूची — ५**

कार्य सम्पन्न प्रतिबेदनको नमुना

| क्र.स | विवरण | |
|---|---|---|
| १. | कृषकको नाम : | |
| २. | ठेगाना : | |
| ३. | ---------------------खेति गरिएको जग्गाको क्षेत्रफ़ल<br>मौरी घारको संख्या :<br>उत्पादन गरिएको फलफूल बेर्ना संख्या | ---------------- रोपनी<br>---------------- घार<br>---------------- संख्या |
| ४. | बाली उत्पादन गरिएको क्षेत्रफल :<br>मह निकालिएको घार संख्या : | ------------------- रोपनी<br>------------------- घार |
| ५ | जम्मा उत्पादन : | ------------------ के.जी<br>------------------ के.जी / घार |
| ६. | जम्मा अनुमानित उत्पादन : | |
| ७. | प्रति के.जी अनुदान रु | |
| ८. | जम्मा अनुदान रकम रु | |

तयार गर्ने        काम गर्ने        जाचँ गर्ने        सदर गर्ने

## अनुसूची ६

विभिन्न बालि तथा उत्पादनको मापदण्ड र अनुदान रकम

| क स. | बालि/बस्तु | न्युनतम मापदण्ड | न्युनतम उत्पादन | अनुदान (रुपैयाँ) | कैफियत |
|---|---|---|---|---|---|
| १ | खाद्यान्न बालि (मकै, ,गहु,) | १ रोपनी | ८ मुरी | प्रति मुरी ३०० | |
| २ | आलु बालि | १ रोपनी | ८ मुरी | उन्नत आलु प्रति मुरी रु २००<br>रैथाने आलु प्रति मुरी रु ३०० | |
| ३ | प्याज | ०.५ रोपनी | ६० के.जी | प्रति के.जी रु १५ | |
| ४ | मह | ५ घार | १५ के.जी. | प्रति के.जी रु ७५ | |
| ५ | फलफुल | १ रोपनी | १०० के.जी | प्रति के.जी. रु १० | |
| ६ | मसला बालि (अलैची, अदुवा , बेसार ) | अदुवा, बेसार : १ रोपनी<br>अलैची : २ रोपनी | ६० के.जी<br>१०० के.जी | प्रति के.जीः रु १५<br>प्रति के.जी रु ५० | |
| ७ | गोलभेंडा | १०० वर्ग मि | १००के.जी | प्रति के.जी. रु १५ | |
| ८ | सिमी | २५० वर्ग मि | ५० के.जी | प्रति के.जी १५ | |
| ९ | भट्मास | २५० वर्ग मि | २० के.जी | प्रति के.जी १५ | |
| १० | मस्याङ | २५० वर्ग.मि | २० के.जी | प्रति के.जी २० | |
| ११ | सिमलाम | २५० वर्ग.मि | २० के.जी | प्रति के.जी १५ | |
| १२ | टिम्मुर | १ रोपनी | १०० के.जी | प्रति के.जी २० | |
| १३ | खुर्सानी | १ रोपनी | ६० के.जी | प्रति के.जी १५ | |
| १४ | धान | १ रोपनी | ५ मुरी | प्रति मुरी १००० | |
| १५ | फापर | १ रोपनी | ५ मुरी | प्रति मुरी १००० | |